# निजगढ नगरपालिकाको योजना सञ्चालन कार्यविधी-२०७७

**कार्यपालिकाबाट स्वीकृत : मिति २०७७।०१।१५**
**प्रमाणिकरण : मिति २०७७।०१।१६**

प्रस्तावना : नेपाल सरकारबाट लक्डाउन घोषणा गरिएको अवधिभरको लागि निजगढ नगरपालिकाकाको सशर्त अनुदान तर्फका शिक्षा, सिँचाई, सडक लगायतका योजनाहरु, निजगढ नगरपालिकामा सञ्चालनमा रहेका संघ तथा प्रदेश सरकारका योजनाहरु, नगरपालिकाले सम्झौता गरेका तथा ठेक्का लगाएका योजनाहरु कोरोना भाइसर कोभिड १९ बाट सुरक्षित रहने गरी सम्भव भएसम्म अधिकतम सामाजिक दुरी कायम गर्नेगरी योजनाहरु सञ्चालन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी निजगढ नगरपालिकाकाको मिति २०७७।०१।१५ गते बसेको ८३ औं कार्यपालिका बैठकले यो कार्यविधी बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधीको नाम "निजगढ नगरपालिकाको योजना सञ्चालन कार्यविधी-२०७७" रहनेछ ।
(२) यो कार्यविधी कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।
**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :-
(क) "प्रमुख" भन्नाले निजगढ नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।
(ख) "योजना" भन्नाले निजगढ नगरपालिकाकाको सशर्त अनुदान तर्फका शिक्षा, सिँचाई, सडक लगायतका योजनाहरु, निजगढ नगरपालिकामा सञ्चालनमा रहेका संघ तथा प्रदेश सरकारका योजनाहरु, नगरपालिकाले सम्झौता गरेका वा गर्ने तथा ठेक्का लगाएका योजनाहरु सम्झनुपर्छ ।
(ग) "अनुमति" भन्नाले योजना सञ्चालन गर्नका लागि नगरपालिकाबाट नगरपालिकाबाट प्रदान गरिएको अनुमतिपत्र वा सो सम्बन्धी कागजातपत्र सम्झनुपर्छ ।
(घ) "श्रमिक" भन्नाले योजनामा काम गर्ने श्रमिक संम्झनुपर्छ ।
(ङ) "संघीय सरकार" भन्नाले नेपालको संघीय सरकार सम्झनुपर्छ ।
(च) "प्रदेश सरकार" भन्नाले प्रदेश नं २ सरकार सम्झनुपर्छ ।
(छ) "निर्माण व्यवसायी" प्रचलित भन्नाले प्रचलित कानुन बमोजिम निर्माण व्यवसाय सञ्चालन गर्नको लागि अनुमति प्राप्त गरेको व्यवसाय सम्झनुपर्छ ।
(ज) "उपभोक्ता समिति" भन्नाले निजगढ नगरपालिकाको योजना सञ्चालन गर्न गठन गरिएको वा संघ तथा प्रदेश सरकार अर्न्तगतका वा स्थानीय पुर्वाधार विकासका योजना कार्यान्वयन गर्नका लागि गठन गरिएको निजगढ नगरपालिकामा दर्ता भएको उपभोक्ता समिति सम्झनुपर्छ ।
(झ) "श्रम स्वीकृति" भन्नाले योजनामा काम गर्ने श्रमिकलाई दिइएको श्रम स्वीकृति सम्झनुपर्छ ।

२. **काममा लगाउनु पर्ने** :(क) योजना सञ्चालन गर्दा निर्माण स्थल वरिपरि वा निर्माणस्थल भएको वडामा उपलब्ध भएको वा निर्माण स्थलको क्याम्पमा मौजुदा रहेका कामदारहरुबाट आयोजनाको काम गराउनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम कामदार उपलब्ध हुन नसकेमा नगरपालिकाको अन्य वडाका वा छिमेकी स्थानीय तहका श्रमिकहरु प्रयोग गर्नु पर्नेछ।

(ग) यसरी कामदार प्रयोग गर्नु अगावै स्वास्थ्यकर्मीबाट कोभिड १९ स्क्रिनिङ गराउनु पर्नेछ। निर्माण व्यवसायी वा उपभोक्ता समितिले कामदारहरुको स्वास्थ्य जाँचको लागि आवश्यकता अनुसार सम्बन्धित निर्माण क्षेत्र वाट नजिक पर्ने स्वास्थ्य कार्यालय/ प्राथमित स्वास्थ्य केन्द्र /शहरी स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी सँग समन्वय गर्नुपर्नेछ।

(घ) यसरी काममा लगाउने श्रमिकलाई निर्माण व्यवसायी वा उपभोक्ता समितिले अनिवार्य रुपमा Labour Camp मा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ङ) निर्माण कार्य सुचारु गर्नुपुर्व सम्बन्धित निर्माण व्यवसायी वा उपभोक्ता समितिले सम्बन्धित आयोजनामा कार्य गर्ने कामदारहरुको व्यक्तिगत विवरण तथा उक्त स्थानमा कति अवधिबाट रहँदै आएको हो सो लगायत नगरपालिकाले तोके बमोजिमका विवरणहरु सम्बन्धित वडा कार्यालय र नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ।

(छ) निर्माणस्थल रहेको सम्बन्धित वडा कार्यालय, स्थानीय बासीले निर्माण कार्य सुचारु गर्न सहयोग गर्नुपर्नेछ।

(ज) श्रमिकहरुलाई काममा लगाउँदा सम्भव भएसम्म अधिकतम सामाजिक दुरी कायम हुने गरी काममा लगाउनु पर्नेछ।

(ञ) आयोजनमा प्रयोग गरिने प्रत्येक श्रमिकले नगरपालिकाबाट श्रम अनुमति प्राप्त गर्नु पर्नेछ।

(ट) यसरी प्रदान गरिने अनुमति प्रमुख प्रशासकीय अधिकृतबाट प्रदान गरिनेछ।

(ठ) श्रमिकहरु २०७६।१२।०१ गते भन्दा अगावै देखि गाउँ वा लेबर क्याम्पमा बसेको हुनुपर्नेछ। सोभन्दा पछि आएका श्रमिकहरुसँग मिसिएर स्थानीय मजदुरले काम गर्न चाहेमा आयोजनाले वा स्थानीय तहले निर्माण गरेको क्वोरेन्टाइनस्थलमा १४ दिन बसेपछि मात्र मिसाएर काम गर्न गराउन पाइनेछ।

(ड) श्रमिक/मजदुर/कामदारलाई सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीले नाम, थर, ठेगाना, मोवाईल नम्बर, काम गर्ने स्थान र कायम रहने अवधि समेत खुलेको परिचय पत्र उपलब्ध गराउनु पर्नेछ।

**३. सामाग्रीको व्यवस्था गर्नुपर्ने** : (क) श्रमिकहरुलाई आवश्यक सुरक्षाको निम्ती निर्माण स्थलमा हातधुने साबुन, स्यानिटाइजर, मास्क तथा सेफ्टीको सामाग्रीहरुको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ।

(ख) निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीहरु, सवारी साधन, मेसिन औजारको डिसइन्फेक्सन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ग) निर्माण व्यवसायी तथा उपभोक्ता समितिले स्थानिय निर्माण सामाग्रीहरु अधिकतम प्रयोग हुनेखालको निमार्ण कार्य गर्ने प्राथमिकता दिनुपर्नेछ। स्थानिय निर्माण सामाग्री बाहेक अन्य निर्माण सामाग्रीहरुको हकमा जिल्ला भित्रको सवैभन्दा नजिकको बजार वाट ल्याउने, जिल्लामा उपलब्ध नहुने निर्माण सामाग्रीहरु नजिकको अन्य शहरबाट ल्याउन सकिनेछ।

(घ) निर्माण सामाग्री ढुवानी गर्न सवारी पासको लागि निर्माण व्यवसायी वा उपभोक्ता समितिले सामाग्रीको विवरण, सामाग्री ल्याउने स्थान, सवारी साधनको नम्वर, चालक तथा हेल्परको नाम लगायतका विवरण खोली आवतजावत अनुमतीको लागि वडा कार्यालयको सिफारिस सहित

नगरपालिकामा निवेदन दिनुपर्नेछ । वडा कार्यालयको सिफारिसको आधारमा नगरपालिकाले औचित्य हेरी निर्माण समाग्री ढुवानीको पास उपलब्ध गराउने छ ।

(ङ) निर्माण सामाग्री ढुवानी गर्ने सवारीले ढुवानी गर्ने क्रममा सम्बन्धित सवारीको चालक र हेलपर भन्दा थप अन्य व्यक्ति राख्न पाईने छैन र तोकिएको निर्माण सामाग्री भन्दा वाहेक अन्य सामाग्री ओसारपसार गर्न पाईने छैन ।

(च) निर्माण कार्य संचालन गर्दा कुनै बाधा बिरोध उत्पन्न भएमा सो को समाधान गर्न वडा कार्यालय समेतको सहभागितामा नगरपालिकाले पहल गर्नेछ ।

**४. अनुगमनको व्यवस्था :** (क) निर्माण कार्यको प्राविधिक सुपरभिजन/अनुगमन सम्बन्धित कार्यालयले गर्नुपर्नेछ र सो को लागि खटिने जनप्रतिनीधि, कर्मचारीको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षाका सामाग्री नगरपालिका कार्यालयले उपलब्ध गराउनुपर्नेछ । अनुमगन गर्दा यस कार्यविधी उल्लंघन गरेको पाईएमा निर्माण कार्य रोक्न लगाउने वा सवारी आवतजावत अनुमति पत्र रद्द गर्ने वा पहिलोपटकमा रु.५,०००/-(पाँच हजार) देखि रु. १०,०००/-(दश हजार) सम्म जरिवाना गर्न वा गराउन, सोहि कार्य दोहोऱ्याएको पाइएमा सोको दोब्बर जरिवाना गराउन वा प्रचलित कानुन बमोजिम कारवाहिको लागि लेखी पठाउन सक्नेछ ।

**५. जानकारी गराउनु पर्ने :**(क) निर्माण व्यवसायी वा उपभोक्ता समितिले कोरोना भाइसर कोभिड १९ बाट बच्ने सचेतना दिने सुचना पाटी निर्माण स्थलमा राख्नु पर्नेछ ।

(ख) निर्माण कार्यमा प्रयोग गरिने श्रमिकलाई संघीय सरकार, प्रदेश सरकार, नगरपालिकाको जानकारीहरु समय-समयमा दिनु पर्नेछ ।

(ग) काममा आउँदा, खाजा वा खाना खाँदा, शौचालय गएर आउँदा कम्तीमा साबुनपानीले मिचिमिची २० सेकेण्डसम्म हात धुने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) निर्माण कार्यमा सकेसम्म कम भन्दा कम श्रमिक प्रयोग गर्ने विधी अपनाउनु पर्नेछ ।

(ङ) कुनै रोगको संक्रमण देखिएमा सो कामदारलाई अन्य कामदारबाट अलग्गै राखी सोको जानकारी वडा कार्यालय र नगरपालिकाको स्वास्थ्य शाखामा दिई थप उपचारको व्यवस्था मिलाउनु पर्नेछ ।

**६. सामाजिक दुरी कायम गनुपर्ने :** निर्माण व्यवसायी वा उपभोक्ता समितिले सामाजिक दुरी (Social Distance) अधिकतम हुने गरि कामदारहरु परिचालन गर्नुपर्नेछ ।

**७. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधीमा उल्लेखित कुराहरु यसै कार्यविधी बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**८. कार्यविधीमा संशोधन तथा परिमार्जन :** कार्यपालिकाले यस कार्यविधीमा आवश्यक संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

**९. बाधा अड्काउ फुकाऊ :** यस कार्यविधीको कार्यान्वयनको क्रममा कुनै दुविधा भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउने छ । यसरी कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।